जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३४९ • २०८३ असोज २१ गते बुधवार • 7 Oct. 2026 पृष्ठ ४ मुल्य रु.५/-

# स्वास्थ्य कार्यालय धनुषाको समीक्षा कार्यक्रम सुरु




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २० असोज

आर्थिक वर्ष २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रम मंगलबारदेखि जनकपुरधाममा सुरु भएको छ ।

स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको समीक्षा कार्यक्रममा जिल्लाका १८ वटै पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा संचालन गरेको स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगति विवरण र सुधार गर्नुपर्ने पक्षउपर चर्चा गरिएको छ । समीक्षा कार्यक्रमलाई उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले स्वास्थ्य क्षेत्रमा सुधारका लागि स्वास्थ्यकर्मीहरुको भूमिका महत्वपूर्ण रहेको बताए । सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन मातहतका निकायलाई उनले निर्देशन दिए । समीक्षालाई सम्बोधन गर्दै सचिव डा. यादवले सुशासन, पारदर्शिता, जवाफदेहिता र गुणस्तरीय सार्वजनिक सेवा सबै निकायको कार्यसम्पादनको आधार बन्नुपर्ने बताए । उनले महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा सामाजिक सुरक्षा योजनाका लाभग्राहीले प्रत्यक्ष अनुभूति गर्ने गरी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिए। सीमित स्रोत-साधनको प्रभावकारी परिचालन, निर्धारित समयमै कार्यक्रम सम्पन्न गर्ने कार्यसंस्कृतिको विकास तथा परिणाममा आधारित कार्यसम्पादनलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव र निष्कर्षलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी स्वास्थ्य क्षेत्रको समग्र कार्यदक्षता थप सुदृढ बनाउन आग्रह गरे ।

स्वास्थ्य कार्यालयका प्रमुख उमेश यादवको अध्यक्षतामा भएको समीक्षा कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नवलकिशोर झा, जिल्ला समन्वय समितिका संयोजक राजनन्दन मण्डल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा गत आर्थिक वर्षभर सञ्चालन भएका नीति, कार्यक्रम, बजेट कार्यान्वयन, वित्तीय तथा भौतिक प्रगति, संस्थागत सुधार, सेवा प्रवाह र समग्र कार्यसम्पादनको विस्तृत मूल्यांकन गरिएको स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए । समीक्षाका क्रममा वार्षिक उपलब्धि, कार्यान्वयनका क्रममा देखिएका चुनौती, उपलब्ध स्रोत-साधनको उपयोग तथा आगामी कार्ययोजनाबारे विस्तृत छलफल भएको थियो । लक्ष्यअनुसार प्रगति हासिल गर्न कार्यान्वयनमा देखिएका समस्या समाधान, निकायहरूबीचको समन्वय सुदृढीकरण तथा कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउने विषयलाई प्राथमिकताका साथ उठाइएको थियो । दुई दिवसीय समीक्षा कार्यक्रम बुधबार सम्पन्न हुने छ ।




# बालबालिकाको स्वास्थ्य प्रवर्द्धनमा 'स्वर्ण बिन्दु प्राशन'

सरोज मल्लिक
जनकपुरधाम, २० असोज



बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा आयोजित 'स्वर्ण बिन्दु प्राशन' कार्यक्रम आज सोमबार सम्पन्न भएको छ ।

मधेश प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, जनकपुरधाम-१४ को आयोजनामा पुष्य नक्षत्रका अवसरमा कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा १ देखि ५ वर्षसम्मका बालबालिकालाई स्वर्ण बिन्दु प्राशन गराइएको चिकित्सालयले जनाएको छ। बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन भएको कार्यक्रममा बालबालिकाको उमेर तथा स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै चिकित्सकीय परामर्श र निगरानीमा २२८ जना बालबालिकालाई सेवा प्रदान गरिएको थियो । प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय जनकपुरधामका कार्यालय प्रमुख तथा आयुर्वेद चिकित्सक डा. महारुद्र ठाकुरले आयुर्वेदमा पुष्य नक्षत्रलाई विशेष महत्व दिइने बताउनुभयो। बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उहाँको भनाइ छ ।

"बालबालिकाको उमेर र स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर सेवा प्रदान गरिएको छ । अभिभावकले बालबालिकाको स्वास्थ्यसम्बन्धी आवश्यक परामर्शसमेत लिन सक्नुहुन्छ," डा. ठाकुरले भन्नुभयो । ८ रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुग्ने विश्वास आयुर्वेदिक मान्यता अनुसार स्वर्ण बिन्दु प्राशनलाई बालबालिकाको समग्र स्वास्थ्य प्रवर्द्धनसँग जोडिएको अभ्यासका रूपमा लिइन्छ। चिकित्सालयका अनुसार यसले रोग प्रतिरोधात्मक क्षमता, पाचन प्रणाली, शारीरिक तन्दुरुस्ती तथा मानसिक-बौद्धिक विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ । विशेषगरी पुष्य नक्षत्रका दिन स्वर्ण बिन्दु प्राशन गराउने आयुर्वेदिक परम्परा रहेको चिकित्सालयले जनाएको छ । कार्यक्रममार्फत बालबालिकाको स्वास्थ्यप्रति अभिभावकलाई सचेत गराउनुका साथै आयुर्वेदिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्य राखिएको थियो । चिकित्सालयले बालबालिकाको स्वास्थ्य अवस्था अनुसार आवश्यक चिकित्सकीय सल्लाह लिन अभिभावकलाई आग्रह गरेको छ । साथै, गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकालाई चिकित्सकको सल्लाहअनुसार मात्र स्वर्ण बिन्दु प्राशन गराउन सुझाव दिइएको छ ।

# रामानन्द चोकमा अचेत अवस्थामा भेटिएका एक पुरुषको उपचारका क्रममा मृत्यु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २० असोज



जनकपुरधाम उपमहानगरपालिका-८ स्थित रामानन्द चोकमा अचेत अवस्थामा भेटिएका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ। प्रहरीका अनुसार बुधबार बिहान करिब ११:४० बजे रामानन्द चोकमा करिब ३५/३६ वर्षीय एक पुरुष अचेत अवस्थामा लडिरहेको अवस्थामा फेला परेका थिए ।

घटनाबारे सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरी टोलीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याएको थियो । अस्पतालमा चिकित्सकले जाँच गर्दा ती पुरुषलाई दिउँसो करिब १२ बजे मृत घोषणा गरेको प्रहरीले जनाएको छ । मृतकको हालसम्म नाम, थर र वतन खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। शव प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ भने मृतकको पहिचान तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




# इतिहासको शक्तिले भविष्य निर्माण गर

सुशासन, न्याय र उत्तरदायित्व लोकतन्त्रको आधार रहेको देखिन्छ। लोकतन्त्र पाँच वर्षमा एकपटक मत हाल्ने प्रक्रिया मात्र होइन । नागरिकले राज्यका संस्थामा न्याय, सेवा र सम्मान पाउने व्यवस्था नै लोकतन्त्रको वास्तविक अनुभूति रहेको छ। सार्वजनिक स्रोतको पारदर्शी उपयोग, विधिको शासन, भ्रष्टाचार नियन्त्रण र प्रभावकारी सेवा प्रवाहमा कांग्रेसले स्पष्ट मापदण्ड स्थापित गर्न सक्नुपर्छ। पार्टीभित्रको लोकतन्त्र र बाहिरको लोकतान्त्रिक संस्कारबीच दूरी हुनु हुँदैन । कांग्रेसले आफूभित्र अभ्यास गर्ने राजनीतिक संस्कारले नै उसले समाजमा प्रस्तुत गर्ने लोकतन्त्रको गुणस्तर निर्धारण गर्छ। नेपाली कांग्रेसको महाधिवेशन सम्पन्न हुनु अन्त्य होइन, एउटा नयाँ सुरुवात रहेको छ । त्यसपछि कांग्रेसले आफूलाई कति बदल्छ भन्ने नै वास्तविक परीक्षा हुने देखिन्छ । योग्य र इमानदार कार्यकर्ताले अवसर पाउँछन् कि पाउँदैनन्, युवाले निर्णय प्रक्रियामा अर्थपूर्ण स्थान पाउँछ कि पाउँदैन, नीतिगत बहसले प्राथमिकता पाउँछ कि पाउँदैन, संगठन जनतासँग जोडिन्छ कि जोडिँदैन र नेतृत्वले आफ्ना निर्णयप्रति जवाफदेहिता वहन गर्छ कि गर्दैन– यिनै प्रश्नले महाधिवेशनको सफलता मापन गर्ने देखिन्छ । कांग्रेसको पुनर्जागरण भनेको इतिहास दोहोऱ्याउनु होइन, इतिहासबाट शक्ति लिएर भविष्य निर्माण गर्नु रहेको देखिन्छ ।

# देउवा पक्षको लक्ष्मीनियाँ गापा अधिवेशन सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० असोज**

नेपाली कांग्रेसको १५औं महाधिवेशनलाई लक्षित गर्दै संस्थापन इतर पक्षले धनुषाको लक्ष्मीनियाँ गाउँपालिका अधिवेशन सम्पन्न गरेको छ ।



सपहीमा मंगलबार सम्पन्न अधिवेशनले लक्ष्मीनियाँ-३ का सुरेन्द्र यादवलाई सर्वसम्मतले सभापति चयन गरेको हो। अधिवेशन तयारी तथा जिल्लास्तरीय गतिविधि सञ्चालनका जिम्मा पाएका नेता कोमलकान्त झाको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा संस्थापन इतर पक्षका नेताहरुको उपस्थिति रहेको थियो। वडा अधिवेशन सम्पन्न गरेर संस्थापन इतर पक्षले लक्ष्मीनियाँ गाउँपालिका अधिवेशनसमेत सम्पन्न गरेको हो । सो अवसरमा मनोज मिश्र, मदन ठाकुर, इब्राहिम राइन, गणेश यादव, वडा नम्बर ७ का वडा सभापति जीतेन्द्र झा, शम्भु यादव लगायतका नेताहरुको उपस्थिति रहेको थियो । देउवा पक्षले प्रस्ताव गरेको कार्यतालिकाअनुसार १५ असोजमा वडा अधिवेशन, २० असोजमा पालिका अधिवेशन, २३ असोजमा प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन, १५ कात्तिकमा जिल्ला अधिवेशन र ४ मंसिरमा प्रदेश अधिवेशन गर्ने प्रस्ताव गरिएको छ।

सोही अनुसार २१ मंसिरदेखि २३ मंसिरसम्म १५ औं केन्द्रीय महाधिवेशन गर्ने प्रस्ताव गरिएको छ ।

# मिटर वा गजले नाप्ने होइन मानव अधिकार - जिसस प्रमुख राई

**जलेश्वरटुडे समाचारदाता**
**मोरङ, २० असोज**

जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वर राईले मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना सफल बनाउन सबै पक्षहरूबिच सहकार्य आवश्यक रहेको बताउनु भएको छ ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) कोशी प्रदेश कार्यालय, विराटनगरले मङ्गलबार विराटनगरमा आयोजना गरेको मानव अधिकार रक्षक सञ्जाल पुर्नगठन र अभिमुखीकरण कार्यक्रममा प्रमुख राईले मानव अधिकारका विषयमा सबै पक्षबिच सहकार्य हुन आवश्यक रहेको बताउनु भएको हो ।

उहाँले मानव अधिकारलाई भौतिक पूर्वाधारजस्तो मिटर वा गजले नाप नसकिने बताउनु भयो। प्रमुख राईले भन्नुभयो यसलाई मापन गर्ने विधि भनेकै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, पछाडि पारिएका समुदाय, दलित, सिमान्तकृत वर्गको अवस्था सुधार हुनु हो । मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजनाका कार्यान्वयनका लागि जिल्ला समन्वय समितिले पनि समिति गठन गरेर सम्बन्धित निकायमा अर्धवार्षिक र वार्षिक रूपमा प्रतिवेदन पठाउने प्रमुख राईले बताउनु भयो । राष्ट्रिय कार्यायोजनाले समेटेका शिक्षा, स्वास्थ्य, खाद्य तथा उपभोक्ता अधिकार, आवासको अधिकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा, वातावरण र दीगो विकास, हिरासत र कारागार सुधार, सङ्क्रमणकालीन न्यायलगायत १७ ओटा विषयमा स्थानीय समन्वय समितिमार्फत प्रतिवेदन बुझेर माथिल्लो निकायमा प्रतिवेदन बुझाउने गरी समन्वय समितिलाई क्रियाशील बनाउने बताउनु भयो। प्रमुख राईले मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजनाको स्थानीयकरणको जिम्मेवार इन्सेकलाई सरकारले दिएकाले आफूहरूलाई अझ सहज हुने बताउनु भयो ।

कार्यक्रमका अध्यक्ष इन्सेक कोशी प्रदेश संयोजक मनोहरकुमार पोखरेलले सामाजिक न्याय, समतामूलक सामाजिक प्रबन्ध, लोकतान्त्रिक राजनीतिक व्यवस्था तथा संस्कार, कानुनी शासन तथा मानवअधिकार मैत्री कानुनी वातावरणको अभ्यासले मात्र समुन्नत समाज निर्माण हुने बताउनु भयो । जिम्मेवार निकायको जवाफदेहीतालाई प्रवर्धन गर्ने सोचका साथ इन्सेकले मानव अधिकार रक्षकहरुलाई जोडदै कार्यक्रमहरु सञ्चालन गरिरहेको बताउनु भयो ।

प्रदेशस्तरीय मानव अधिकार रक्षक सञ्जालमार्फत बितेको १० महिनाको अवधिमा भएका कार्यहरूको बारेमा जानकारी गराउनु हुँदै सञ्जालको पुर्नगठन अघि पोखरेलले सञ्जाल गठनको उद्देश्य, सञ्जालको काम, कर्तव्य र अधिकार र सूचकका विषयमा प्रस्तुति राख्नु भएको थियो।

यसैबिच ०८२ मङ्सिर २ गते इन्सेकद्वारा गठित कोशी प्रदेशस्तरीय मानव अधिकार रक्षक सञ्जालको मङ्गलबार पुर्नगठन गरिएको छ । प्रदेशस्तरीय मानव अधिकार रक्षक सञ्जालले कोशी प्रदेशमा मानव अधिकार रक्षक, महिला, बालबालिका, दलित तथा पछाडि पारिएका, अन्य अल्पसङ्ख्यक र जोखिममा परेका समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणका साथै शिक्षा, स्वास्थ्य र वातावरणको अधिकारसम्बन्धी कार्य गर्दै आएको छ ।

सञ्जालले वातावरण सम्बन्धी अधिकारको विषयमा कानुनी प्रावधानहरूको पहुँचमा वृद्धि र स्थानीय सरकार, स्थानीय सञ्जाल तथा निर्णायक प्रक्रियाहरूमा सक्रिय सहभागितामा अभिवृद्धिका लागि सरोकारवालाहरूबिच समन्वय र सहकार्य गर्दै आएको छ ।

**२५ सदस्यीय सञ्जाल पुर्नगठनः**

शिक्षा, स्वास्थ्य, वातावरण अधिकार, जातीय विभेदलगायतका मुद्दामा प्रदेश सरकार, स्थानीय सरकार र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने गरी २५ सदस्यीय कोशी प्रदेशस्तरीय मानव अधिकार रक्षक सञ्जालको पुर्नगठन गरिएको छ। देवी बास्कोटा संयोजक रहेको सञ्जालमा विभिन्न क्षेत्रका अधिकारकर्मीहरू सदस्यका रूपमा चयन भएका छन् । सदस्यहरूमा अधिकारकर्मी प्रकाश परियार, लिलाप्रसाद निरौला, महिला अधिकारकर्मी प्रतिक्षा बस्नेत, दलित अधिकारकर्मी राधा पासवान, अपाङ्गता क्षेत्रबाट अनिमेष आचार्य, आकृतिरानी फुयल र गोपालमान थापा, शिक्षक जहाँगिर मिया, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकबाट माही खान, दुर्गाप्रसाद माझी, बालबालिकाको क्षेत्रबाट दीपेन्द्रकुमार झा, मधेशी अभियन्ता अरूणाकुमारी दास, अधिवक्ता कला त्रिताल, पत्रकार बाबुराम भण्डारी, जुनु भट्टराई, दलित महिला अधिकारकर्मी शर्मिला परियार, जेनजीबाट टिकाराम लिम्बू, उषा परियार, तुम्याहाङमा लिम्बू, सन्दीपकुमार राय, सन्धियाकुमारी राय, अल्पसङख्यकबाट सानिया खातुन, सामाजिक क्षेत्र र वातावरण क्षेत्रबाट लोकबहादुर विष्ट र सदस्य सचिव पुण्य अधिकारी हुनुहुन्छ ।

## तपाईको टुडे

मेषः लामो यात्राको योग छ

वृषः अनावश्यक खर्चको संभावना

मिथूनः पिछडेको साथी मिल्ने

कर्कटः विचार गरेर बोल्नुहोला

सिंहः अशुभ समाचार प्राप्त हुने

कन्याः शुभ कार्यको शुरुवात

तुलाः मित्रतामा फाटो आउने

वृश्चिकः आम्दानी हुने

धनुः खानपानमा समस्या आउने

मकरः मनमा पछुतो आउने

कूम्भः अनावश्यक चिन्ता

मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे